# गैरआवासीय नेपाली संघ

## राष्ट्रिय महाधिवेशन सञ्चालन *..................... तथा राष्ट्रिय समन्वय परिषद्को सम्बन्धन सम्बन्धित नियमावली, २०२१

<u>अन्तर्राष्ट्रिय समन्वय परिषदबाट पारित भएको मितिः</u>
सन् २०२१ जुलाई १७

**संशोधनः**

१. गैरआवासीय नेपाली संघ राष्ट्रिय महाधिवेशन सञ्चालन तथा राष्ट्रिय समन्वय परिषदको सम्बन्धन सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०२३ - आईसिसिको ८९औं बैठकले दिएको अधिकार अनुसार - ***सन् २०२३ मे २१ को अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठकबाट ।***

२. गैरआवासीय नेपाली संघ राष्ट्रिय महाधिवेशन सञ्चालन *..................... तथा राष्ट्रिय समन्वय परिषदको सम्बन्धन सम्बन्धित (दोस्रो संशोधन) नियमावली, ***सन् २०२४ सेप्टेम्बर ८ को ९९औं अन्तर्राष्ट्रिय समन्वय परिषद्को बैठकबाट ।***

**प्रस्तावनाः** गैरआवासीय नेपाली संघको विधान २००३ *......................... को दफा २४ मा उल्लेखित राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशनलाई मर्यादित तथा व्यवस्थित गर्न *..................... एवं राष्ट्रिय समन्वय परिषद्को सम्बन्धन दिनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ *......................... को दफा १७ को उपदफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यी नियमहरुको नाम "गैरआवासीय नेपाली संघ राष्ट्रिय महाधिवेशन सञ्चालन *..................... तथा राष्ट्रिय समन्वय परिषदको सम्बन्धन सम्बन्धित नियमावली, २०२१" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ । *<u>यो नियमावलीमा कुनै संशोधन अन्तर्राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बाट भएमा सोही मिति देखि यो नियमावलीमा भएको संशोधन लागू हुनेछ</u> ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा;

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउँछ ।

(ख) "**राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको राष्ट्रिय समन्वय परिषद्लाई जनाउँछ । ♦<u>अंग्रेजीमा National Coordination Council र छोटकरीमा NCC (एनसीसी) भनिनेछ । राष्ट्रिय समन्वय परिषद् नै कार्य समिति हुनेछ ।</u>

---

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा थप ।
♦ दोस्रो संशोधनद्वारा थप ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जनाउँछ ।

(घ) "**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय**" भन्नाले संघको अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयलाई जनाउँछ ।

(ङ) "**विधान**" भन्नाले गैरआवासीय नेपाली संघको विधान २००३ *.................. लाई जनाउँछ ।

(च) "**राष्ट्रिय महाधिवेशन**" भन्नाले राष्ट्रिय समन्वय परिषदको राष्ट्रिय महाधिवेशनलाई जनाउँछ ।

(छ) "**निर्वाचन समिति**" भन्नाले राष्ट्रिय समन्वय परिषद्ले *नयाँ कार्यसमितिको निर्वाचनका लागि गठन गरेको निर्वाचन समितिलाई जनाउँछ ।

(ज) **"क्षेत्रीय संयोजक"** भन्नाले राष्ट्रिय समन्वय परिषद् रहेको क्षेत्रको क्षेत्रीय संयोजकलाई जनाउँछ

(झ) **"क्षेत्रीय उपसंयोजक"** भन्नाले राष्ट्रिय समन्वय परिषद रहेको क्षेत्रको क्षेत्रीय उपसंयोजकलाई जनाउँछ ।

*(ञ) **"राष्ट्रिय समन्वय परिषद्को सदस्यता वितरण तथा निर्वाचन प्रक्रियाहरूको सुपरिवेक्षण समिति"** भन्नाले विधानका दफा १३.७ अनुसार राष्ट्रिय समन्वय परिषद्को सदस्यता वितरण तथा निर्वाचन प्रक्रियाहरूको सुपरिवेक्षण गर्न गठन भएको समितिलाई जनाउँनेछ ।

(ट) *"**निर्वाचन अनुगमन समिति**" भन्नाले नियम ६ को उपनियम ६.५ बमोजिम गठन भएको निर्वाचन अनुगमन समिति सम्झनु पर्छ ।

(ठ) "**संयोजक**" भन्नाले निर्वाचन समितिको संयोजक सम्झनु पर्छ ।

(ड) "**उम्मेदवार**" भन्नाले राष्ट्रिय समन्वय परिषद्को निर्वाचनका लागि उम्मेदवार सम्झनु पर्छ ।

(ढ) "**पदाधिकारी**" भन्नाले राष्ट्रिय समन्वय परिषद्को पदाधिकारीलाई सम्झनु पर्छ ।

३. **राष्ट्रिय महाधिवेशनः**

३.१ गैरआवासीय नेपाली संघको विधानको दफा २४ को उपदफा २४.१ अनुसार राष्ट्रिय समन्वय परिषद्को राष्ट्रिय महाधिवेशन अन्तर्राष्ट्रिय महाधिवेशन आयोजना हुने वर्षको ग्रेगोरियन पात्रो अनुसारको जुलाई महिनाको १ तारिख देखी ३१ तारिख सम्ममा अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ ।

*तर बिशेष कारणबस अन्तर्राष्ट्रिय महाधिवेशन तोकिएको समयमा सम्पन्न हुन नसकेमा सोही अनुसारको समयान्तरमा राष्ट्रिय महाधिवेशन आयोजना हुन सक्नेछ । त्यस्तो अवस्थामा राष्ट्रिय समन्वय परिषद्को निर्वाचनको मिति अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोके अनुसार हुनेछ ।

३.२ राष्ट्रिय समन्वय परिषद्ले राष्ट्रिय महाधिवेशनको मिति, समय, स्थान वा माध्यम र विषयसूचि राष्ट्रिय समन्वय परिषद्को बैठकको निर्णय अनुसार तोक्नु पर्नेछ ।

३.३ राष्ट्रिय महाधिवेशनको मिति, समय, स्थान वा माध्यम र विषयसूचि सम्बन्धमा जानकारी कम्तिमा १ (एक) महिना अगावै क्षेत्रीय संयोजक मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई जानकारी गराउनु पर्नेछ ।

३.४ राष्ट्रिय महाधिवेशनमा बढि भन्दा बढि गैरआवासीय नेपालीको सहभागिता तथा राष्ट्रिय महाधिवेशनको पारदर्शिताको लागि कम्तिमा १ (एक) महिना अगावै देखिनै व्यापक रुपमा महाधिवेशन बारे सञ्चार माध्यमबाट सार्वजनिक सूचना प्रवाह गर्नु पर्नेछ ।

* पहिलो संशोधनद्वारा झिकिएको ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा खारेज ।
* पहिलो संशोधनद्वारा थप ।

३.५ ♣.........................

३.६ राष्ट्रिय महाधिवेशन २ (दूई) वर्षमा १ (एक) पटक सम्पन्न गर्नु पर्नेछ ।

३.७ संघका पञ्जिकृत सदस्यहरुलाई आफू बसोबास गर्ने देशको राष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ ।

३.८ राष्ट्रिय महाधिवेशन अनलाईन वा भौतिक रुपमा उपस्थित भई गर्न सकिनेछ ।

♣३.९ राष्ट्रिय महाधिवेशनको कार्यहरु राष्ट्रिय समन्वय परिषद्को विधानले तोके अनुसार हुनेछ ।

४. **सदस्यताः**

४.१ विधानको दफा ५ को उपदफा ५.१ अनुसार दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरु वाहेकका अन्य देशहरुमा नेपाल सरकारबाट खटीई विदेशस्थित नेपाली नियोगमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक २ (दुई) वर्ष भन्दा बढि समय बिदेशमा रही पेशा, रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकले राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको सदस्यता शुल्क तिरि पञ्जिकृत सदस्य बन्न सक्ने छन् । यस्ता पञ्जिकृत सदस्यहरुले मात्र राष्ट्रिय महाधिवेशनमा मतदान गर्ने वा उम्मेद्वार बन्ने अधिकार हुनेछ ।

♦४.१(क) राष्ट्रिय समन्वय परिषद्ले निर्णय गरि पञ्जिकृत सदस्यताका निवेदन लिन खुल्ला गर्न सक्नेछ । सदस्यता खुल्ला अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन पश्चात् सुरु हुने ग्रेगोरियन पात्रो अनुसार सुरु हुने नयाँ वर्षको जनवरी महिना निरन्तर १८ महिना सम्म खुल्ला गरि अर्को नयाँ कार्यकालका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्को निर्वाचन हुने वर्षको जुन महिनाको अन्त्य सम्म खुल्ला रहनेछ ।

♦४.१(ख) राष्ट्रिय समन्वय परिषद्ले सदस्यता खुल्ला गर्दा संयोजक सहित ५ जना सम्म व्यक्ति रहेको १ (एक) सदस्यता प्रमाणिकरण र जाँचबुझ गर्नका लागि सदस्यता प्रमाणिकरण समिति बनाएको हुनु पर्नेछ । त्यस्तो समिति बनाएको ५ (पाँच) कार्यदिन भित्र संघको सचिवालयलाई जानकारी दिनु पर्नेछ ।

♦४.१(ग) राष्ट्रिय समन्वय परिषद्ले सदस्यता खुल्ला गर्दा सदस्यता शुल्क समेत तोक्नु पर्नेछ । संघले सदस्यको अभिलेख गर्न बनाएको एकिकृत प्रणाली Membership Information System मा प्रविष्ट गर्नु पर्नेछ । संघले सदस्य शुल्क प्राप्त गरे पश्चात् मात्र प्रविष्ट गरिएको सदस्यहरुको मान्यता पञ्जिकृत सदस्यतामा कायम गरिनेछ ।

४.२ ♣.........................

४.३ पञ्जिकृत सदस्यता हरेक २ (दुई) बर्षमा अनिवार्य रुपमा नविकरण गर्नु पर्नेछ ।

४.४ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको पञ्जिकृत सदस्यता शुल्क राष्ट्रिय समन्वय परिषदले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई बुझाउनु पर्नेछ ।

४.५ संघले निर्धारण गरेको Membership ♣Information System बाट पञ्जिकृत सदस्यता वितरण गर्नु पर्नेछ । ♣पञ्जिकृत सदस्यताका लागि आवेदन दिदा फेसियल भेरिफिकेशन दिनु पर्नेछ ।

---

♣ पहिलो संशोधनद्वारा खारेज ।

♣ पहिलो संशोधनद्वारा थप ।

♦ दोस्रो संशोधनद्वारा थप ।

♦ दोस्रो संशोधनद्वारा थप ।

♦ दोस्रो संशोधनद्वारा थप ।

♣ पहिलो संशोधनद्वारा खारेज ।

♣ पहिलो संशोधनद्वारा संशोधन ।

४.६ कुनै समूह वा व्यक्तिले समूहगत रुपमा शुल्क तिरी निर्वाचनलाई प्रभाव पार्ने किसिमले पञ्जिकृत सदस्य बनाउन पाउने छैनन् ।

*४.७ सदस्यता प्रमाणिकरणः

(१) सदस्यताको लागि प्राप्त निवेदन माथि छानबिन गरी सदस्यता प्रमाणिकरण गर्न राष्ट्रिय समन्वय परिषद्ले १ (एक) समितिको गठन गर्नेछ । समितिका सदस्यको संख्या अघिल्लो कार्यकालमा बनेका पञ्जिकृत सदस्य संख्याको आधारमा निर्धारण हुनेछ । समितिमा १,००० सम्म सदस्य हुने राष्ट्रिय समन्वय परिषदमा बढिमा १ जना, ५,००० सम्म भएमा बढिमा ३ जना र ५,००० भन्दा बढि भएमा ५ जना सदस्य रहन सक्ने छन् ।

(२) सदस्यता प्रमाणिकरण समितिका सदस्यहरुले सदस्यहरुको डेटा सुरक्षाको सुनिश्चितताको लागि 'नन डिस्क्लोजर एग्रिमेन्ट' मा हस्ताक्षर गरे पछि Membership Information System को एडमिनको पहुँच (Access) दिइनेछ ।

(३) सदस्यता प्रमाणिकरण समितिले निम्न कागजात प्राप्त गरेपछि सदस्यता प्रमाणिकरण गर्नेछः

(क) विधानको दफा ५.१ अनुसार प्रमाणित हुने (सम्बन्धित देशमा बसोबास गरेको प्रमाणित हुने) फोटो परिचयपत्र ।

(ख) राष्ट्रिय समन्वय परिषदले तोकेको शुल्क ।

(ग) फेसियल भेरिफिकेशन प्रमाणित भएको (फोटो परिचयपत्रमा भएको फोटो र आवेदकको फोटो मिलेको) । प्राविधिक कारणले फोटो परिचयपत्रमा भएको फोटो र आवेदकको फोटो नमिलेकोमा म्यानुयल रुपमा प्रमाणिकरण गरी दफा ६.१ अनुसार गठन हुने सुपरिवेक्षण समितिलाई जानकारी दिनु पर्नेछ ।

♦(घ) सदस्य हुन चाहने व्यक्तिले ईमेल र सम्पर्क नम्वर समेत उपलव्ध गराउँनु पर्नेछ ।

♦(ङ) कुनै व्यक्तिको खाता वा निजको कार्डबाट अधिकत्तम ५ (पाँच) जना भन्दा बढी व्यक्तिहरुको सदस्यता शुल्क भुक्तानी गर्न पाईनेछैन ।

(४) कुनै व्यक्तिले अवैध व्यक्तिलाई सदस्यता वितरण गरेको प्रमाणित भएमा निजलाई अनुशासनको कारवाही हुनेछ ।

## ५. निर्वाचनः

५.१ राष्ट्रिय महाधिवेशनमा पञ्जिकृत सदस्यहरुले लोकतान्त्रिक पद्दति तथा निर्वाचनमा प्रयोग हुने विश्वव्यापी मान्यताको आधारमा राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी तथा सदस्यहरुको निर्वाचित गर्ने छन् ।

५.२ निर्वाचन सम्पन्न गर्न राष्ट्रिय समन्वय परिषद्ले *<u>एक संयोजक सहित बढिमा ५ जना सदस्यहरु रहेको निर्वाचन समिति गर्नेछ ।</u>

*५.३ <u>अघिल्लो कार्यकालमा १००० भन्दा कम पञ्जिकृत सदस्य रहेका राष्ट्रिय समन्वय परिषद्हरुको निर्वाचन वा महाधिवेशनको हुने मिति भन्दा ३ हप्ता अगाडी सम्म सदस्यता आवेदन खुलाउनु पर्नेछ</u>

---

* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधन ।
♦ दोस्रो संशोधनद्वारा थप ।
♦ दोस्रो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।
* पहिलो संशोधनद्वारा संशोधित ।

भने १००० भन्दा बढी पञ्जिकृत सदस्य रहेका राष्ट्रिय समन्वय परिषद्हरुको निर्वाचन वा महाधिवेशनको हुने मिति भन्दा कम्तिमा १ महिना अगाडी सम्म आवेदन खुलाउनु पर्नेछ । यस मिति सम्म आवेदन परेका सदस्यहरुको प्रमाणिकरण निर्वाचन वा महाधिवेशन भन्दा कम्तिमा १५ दिन अगाडी सम्म गर्नु पर्नेछ । यस अवधिमा प्रमाणिकरण भएका पञ्जिकृत सदस्यहरुको मात्र उम्मेद्वार र मतदानमा सहभागी बन्न पाउनेछन् ।

५.४ राष्ट्रिय महाधिवेशनले विधानको दफा २३ को उपदफा २३.३ मा उल्लेखित ढाँचा अनुसार राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको चयन वा निर्वाचित गर्नेछ । ♣.........................

५.५ विधानको दफा २३ को उपदफा २३.११ अनुसार राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष पदमा उम्मेदवार बन्न नीज राष्ट्रिय समन्वय परिषद् वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य वा पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनु पर्नेछ ।

तर कम्तिमा ३ (तीन) कार्यकाल पुरा नगरेका राष्ट्रिय समन्वय परिषद्को हकमा यस्तो योग्यताको आवश्यक्ता पर्नेछैन् ।

५.६ ♣.........................

५.७ राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष वा पदाधिकारी सोही पदमा लगातार २ (दुई) पदावधि भन्दा बढी पदावधिको लागि पुनः निर्वाचित हुन योग्य हुने छैन् ।

५.८ राष्ट्रिय महाधिवेशनले अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको निर्वाचन गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको उम्मेद्वारको योग्यता संघको विधानको दफा १७ को उपदफा १७.५ को खण्ड १७.५.३ अनुसार हुनेछ । ♣......................... यसरी चयन हुने सदस्य अन्तर्राष्ट्रिय महाधिवेशनमा अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ । अन्तर्राष्ट्रिय महाधिवेशनले निजलाई अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको रुपमा अनुमोदन (Endorse) गरी शपथ ग्रहण गराउने छ । निजको कार्यकाल निर्वाचित भएको राष्ट्रिय महाधिवेशन देखि अर्को राष्ट्रिय महाधिवेशन सम्पन्न नहुने बेलासम्म हुनेछ । साथै निर्वाचित भएका अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यहरुले अनिवार्य रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको सदस्यता शुल्क अनुमोदन हुनु भन्दा पहिले संघले तोकेको खातामा बुझाउनु पर्नेछ ।

५.९ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको संख्या विधानको दफा १७ को उपदफा १७.३ अनुरुप ♣......................... हुनेछ ।

♣.........................

५.१० ♣.........................

५.११ राजनैतिक, क्षेत्रिय, जातिय वा धार्मिक आधारमा कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आह्वान गर्न वा प्रचारप्रसार गर्न पाइने छैन ।

५.१२ राष्ट्रिय महाधिवेशनमा गणपुरकको संख्याको परिभाषा राष्ट्रिय समन्वय परिषदको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

५.१३ अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्यको उम्मेदवार तथा राष्ट्रिय समन्वय परिषदका सबै उमेद्वारहरुले संघको आचार संहितामा लिखित प्रतिबद्धता गरी उम्मेदवारी मनोनयन फारमका साथमा पेश गर्नु

---

♣ पहिलो संशोधनद्वारा झिकिएको ।

♣ पहिलो संशोधनद्वारा खारेज ।

♣ पहिलो संशोधनद्वारा खारेज ।

♣ पहिलो संशोधनद्वारा झिकिएको ।

♣ पहिलो संशोधनद्वारा खारेज ।

♣ पहिलो संशोधनद्वारा खारेज ।

पर्नेछ । कुनै उम्मेदवार राजनैतिक, जातिय वा धार्मिक संस्थाको कार्यकारी समितिको पदाधिकारी पद *.........................धारण गरेको भए सो पद त्याग गरेको लिखित जानकारी पनि मनोनयन फारमका साथ पेश गर्नु पर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको आचार संहिता पालना नगरी प्राप्त भएका मनोनयनका उपर प्रमाण सहित लिखित उजुरी परेमा निर्वाचन समितिले छानविन गरि मनोनयन रद्द गर्न सक्नेछ ।

५.१४ निर्वाचन अनलाईन वा भौतिक रुपमा उपस्थित भई गर्न सकिनेछ । *अनलाईन मार्फत निर्वाचन भएको खण्डमा फेसियल भेरिफिकेशन प्रणालीको प्रयोग गर्नु पर्नेछ । प्राविधिक कारणले फेसियल भेरिफिकेशन हुन नसकेमा निर्वाचन समितिले सम्बन्धित मतदाताको म्यानुअली रुपमा पहिचान गरी निर्वाचनमा भाग लिने व्यवस्था गर्नेछ ।

५.१५ *........................................

५.१६ *........................................

*५.१७ सदस्यता वितरण तथा निर्वाचन सम्बन्धी विषयमा विवाद आएमा समाधान गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले १(एक) न्यायिक आयोग गठन गर्न सकिनेछ । न्यायिक आयोगको काम, कर्तव्य, अधिकार र दायित्व "**न्यायिक आयोग सम्बन्धी नियमावली**" अनुसार हुनेछ ।

*५.१८ निर्वाचत समितिले निर्वाचन प्रयोजनका लागि बनाउँने कागजात निर्वाचन समाप्त भई परिणाम घोषणा भए पश्चात् नयाँ कार्य समितिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

*५.१९ नयाँ कार्य समितिको निर्वाचन प्रयोजनार्थ निर्वाचन समितिले विभिन्न फर्म बनाई लागू गर्न सक्नेछ ।

*५.२० निर्वाचन समितिले निर्वाचन प्रयोजनार्थ आचार संहिता बनाई लागू गर्न सक्नेछ ।

*(६) **समिति**:

६.१ राष्ट्रिय समन्वय परिषदका सदस्यता वितरण तथा निर्वाचन प्रक्रियाहरुको सुपरिवेक्षण गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले निम्नानुसारको व्यक्ति रहेको १ (एक) समितिको गठन गर्नेछ ।

(क) राष्ट्रिय समन्वय परिषद्का बहालबाला अध्यक्ष (निवर्तमान हुन लागेका अध्यक्ष)

(ख) सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक

(ग) अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले सिफारिस गरेका १ (एक) जना सदस्य

६.२ उपदफा ६.१ बमोजिमको समितिको संयोजक सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक हुनेछ ।

६.३ उपदफा ६.१ बमोजिमको यो समिति पञ्जिकृत सदस्यता वितरण सुरु हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगाडि गठन हुनु पर्नेछ । यस समितिको कार्यकाल अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अन्यथा तोकिएको बाहेक राष्ट्रिय समन्वय परिषद्को नयाँ कार्यसमितिको निर्वाचन र अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्यको निर्वाचन समाप्त हुँदा सम्म कायम रहनेछ ।

६.४ उपदफा ६.१ बमोजिमको समितिले अन्तर्राष्ट्रिय समन्वय परिषद्लाई सुपरिवेक्षण प्रतिवेदन अन्तर्राष्ट्रिय महाधिवेशन हुने मिति भन्दा ४५ (पैतालिस) दिन अगावै बुझाउनु पर्नेछ ।

---

* पहिलो संशोधनद्वारा खारेज ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा खारेज ।
* पहिलो संशोधनद्वारा खारेज ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा थप ।
* पहिलो संशोधनद्वारा संशोधित ।

६.५ राष्ट्रिय समन्वय परिषद्ले निर्वाचन मूल्याङ्कनको लागि बढिमा ५ (पाँच) सदस्यीय निर्वाचन अनुगमन समिति गठन गर्न सक्नेछ । यस समितिमा राष्ट्रिय समन्वय परिषद् तथा अन्तर्राष्ट्रिय समन्वय परिषद् मा नेतृत्वदायी भूमिका निर्वाह गरि सकेको वा अभियानमा उल्लेखनिय योगदान दिएका मध्येबाट चयन गरिनेछ । यी मध्ये १ (एक) जना अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको व्यक्ति हुन पर्नेछ । यो समितिको गठन निर्वाचन भन्दा कम्तिमा ७ (सात) दिन अगाडी गर्नु पर्नेछ । अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तोकेको व्यक्तिले यस नियमावलीको अनुसूचीमा दिईएको राष्ट्रिय महाधिवेशन अनुगमन अनुसूची - १, अनुसूची - २ र अनुसूची - ३ बमोजिमको फारम भरेर अन्तर्राष्ट्रिय समन्वय परिषद् मा पठाउनु पर्नेछ । उक्त फारममा सम्बन्धित क्षेत्रको संयोजकको पनि हस्ताक्षर रहेको हुनु पर्नेछ ।

७. **राष्ट्रिय समन्वय परिषद्को सम्बन्धनको व्यवस्थाः**

*७.१ विधानको दफा १७ को उपदफा १७.७ को खण्ड १७.७.४ र विधानको अनुसूची - ८ अनुसार राष्ट्रिय समन्वय परिषद्ले *............ न्युनतम मापदण्ड पालना गरी अन्तर्राष्ट्रिय समन्वय परिषद्सँग एक सम्झौता पत्रमा हस्ताक्षर पछि राष्ट्रिय समन्वय परिषद्को मान्यता प्राप्त गर्ने छन् ।

*...........................................

*७.२ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले संघको बृहत्तर हीत विपरित राष्ट्रिय समन्वय परिषद्ले कार्य गरेमा सम्वन्धन खारेज गर्न सक्नेछ ।

८. **स्वतः निष्कृय हुनेः** यस नियमावलीमा उल्लेख भएका कुराहरु संघको विधानसँग वाझिन गएमा स्वतः निष्कृय हुने सो हक सम्म विधानको व्यवस्थाहरु लागू हुनेछ ।

९. **निर्देशन दिन सक्नेः** यस नियमावलीमा उल्लेखित काम कारबाही समयमै नभएमा सोका लागि सम्बन्धित राष्ट्रिय समन्वय परिषद्लाई आवश्यक निर्देशन अन्तर्राष्ट्रिय समन्वय परिषद्ले दिन सक्नेछ ।

१०. **बाधा अड्काउ फुकाउः** यस विनियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ निर्वाचन समितिको अनुरोधमा अन्तर्राष्ट्रिय समन्वय परिषदले संघको विधानसँग नबाझिने गरी फुकाउन सक्नेछ ।

*१०(क) **विनियम वा निर्देशिका वा परिपत्र बनाउन सक्नेः**

(१) विधानको उद्देश्य कार्यान्वयन गर्नका लागि विधान तथा यस नियमावलीमा उल्लिखित व्यवस्थाको प्रतिकूल नहुने गरी अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले आवश्यक विनियम वा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस नियमावलीको कार्यान्वयनको सहजताका लागि अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले विभिन्न परिपत्र जारी गर्न सक्नेछ ।

११. **यसै नियमावली बमोजिम हुनेः**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१२. **खारेजीः**

१२.१ राष्ट्रिय महाधिवेशन सञ्चालन सम्बन्धी नियमावली, २०१९ खारेज गरिएको छ ।

---

* पहिलो संशोधनद्वारा संख्याक्रम मिलाईएको ।

* पहिलो संशोधनद्वारा झिकिएको ।

* पहिलो संशोधनद्वारा खारेज ।

* पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा थप ।

१२.२ राष्ट्रिय महाधिवेशन सञ्चालन सम्बन्धी नियमावली, २०१९ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

मितिः

**अनुसूची - १**

[*](नियम ६ को उपनियम ६.५ सँग सम्वन्धित)

**गैरआवासीय नेपाली संघ**

**राष्ट्रिय समन्वय परिषद्को निर्वाचन अनुगमन फारम**

**(अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फाराम - पेज १)**

१. **निर्वाचनको सारांशः**

- मुलुकको नामः निर्वाचन भएको शहरः
- निर्वाचन मितिः कूल पञ्जिकृत सदस्य संख्याः
- कुल मतदाता संख्याः
- अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य (ICC Member):
- निर्वाचित सदस्यहरुको विवरण (नाम र ईमेल) :

अध्यक्षः

उपाध्यक्षः

महिला उपाध्यक्षः

महासचिवः

सचिवः

कोषाध्यक्षः

सहकोषाध्यक्षः

महिला संयोजकः

युवा संयोजकः

सदस्यहरुः

२. **राष्ट्रिय महाधिवेशन सम्बन्धी विवरणः**

- राष्ट्रिय महाधिवेशन हुने सार्वजनिक सूचनाको प्रवाह भएको थियो ( ) वा थिएन ( ) ।
- Membership Management System बाट सदस्यता वितरण भएको थियो ( ) वा थिएन ( ) ।
- निर्वाचन समिति गठन भएको थियो ( ) वा थिएन ( ) ।
- निर्वाचन भौतिक ( ) वा अनलाई प्रणाली ( ) बाट सम्पन्न भएको थियो।
- अनलाईन माध्यमबाट सम्पन्न भएको निर्वाचनमा फेसियल भेरि फिकेशन भएको थियो ( ) वा थिएन ( ) ।
- नियमावलीका अन्य प्रावधानहरु पूर्णरुपमा ( ), आंशिक रुपमा ( ) पालना भएका थिए ( ) वा थिएनन् ( ) ।

३. निर्वाचन सहमति ( ) वा मतदानवाट ( ) भएको थियो । मतदाबाट भएको भए पेज २ भर्नु होला ।

४. निर्वाचन राष्ट्रिय महाधिवेशन सम्बन्धी नियमावली अनुसार सम्पन्न भएको थियो ( ) थिएन ( ) । थिएन भने पेज ३ भर्नु होला ।

**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तेकेको प्रतिनिधि/क्षेत्रीय संयोजकको नाम र पदः**

मुलुकः

हस्ताक्षरः

मितिः

(अनुगमनकर्ताले निर्वाचनको पूर्ण अवधीभर देखे भोगेका र संकलन गरेका गतिविधिहरु राष्ट्रिय महाधिवेशन सञ्चालन [*]................................ तथा राष्ट्रिय समन्वय परिषदको सम्बन्धन सम्बन्धित नियमावली, २०२१ र निर्वाचन आचार संहिताको आधारमा निर्वाचन प्रकृया भएको वा नभएको सुझाव सहित अन्तर्राष्ट्रिय समन्वय परिषदमा जानकारी गर्नेछ, अनुगमन अवधीमा संकलित सबै प्रमाणहरु नथ्थी गर्नु पर्नेछ ।)

---

[*] पहिलो संशोधनद्वारा संशोधित ।

[*] पहिलो संशोधनद्वारा झिकिएको ।

मितिः

**अनुसूची - २**

*(नियम ६ को उपनियम ६.५ सँग सम्वन्धित)

**गैरआवासीय नेपाली संघ**

**राष्ट्रिय समन्वय परिषद्को निर्वाचन अनुगमन फारम**

**(अन्तर्राष्ट्रिय समन्वय परिषद् द्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फाराम - पेज २)**

राष्ट्रिय समन्वय परिषद मतदान प्रकृयाबाट निर्वाचित भएको भए, अनुगमनकर्ताले यो पेज पनि भर्नु पर्नेछ ।

- निर्वाचन समिती सकृय भएको मितिः
- निर्वाचन कार्यक्रम सार्वजनिक भएको मितिः
- उम्मेदवार संख्याः

| **विवरण** | **निर्वाचित हुने पद संख्या** | **उम्मेदवारको संख्या** |
|---|---|---|
| अन्तर्राष्ट्रिय समन्वय परिषद् सदस्य : | | |
| अध्यक्षः | | |
| उपाध्यक्षः | | |
| महिला उपाध्यक्षः | | |
| महासचिवः | | |
| सचिवः | | |
| कोषध्यक्षः | | |
| सहकोषाध्यक्षः | | |
| महिला संयोजकः | | |
| युवा संयोजकः | | |
| निर्वाचित सदस्यहरुः | | |

- मतदान शुरु भएको समयः
- मतदान समाप्त भएको समयः
- मतदान प्रकृया (गोप्य मतदान, विधुतिय, हुलाक):
- निर्वाचन आचार संहिता र *राष्ट्रिय महाधिवेशन सञ्चालन तथा राष्ट्रिय समन्वय परिषदको सम्बन्धन सम्बन्धित नियमावली, २०२१ अनुसार प्रचार प्रसार सामग्री प्रयोग भएको थियो ( ) थिएन ( ) ।
- कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आव्हान गर्न वा प्रचार प्रसार भएको थियो ( ) थिएन ( ) ।
- मतगणना शुरु भएको मिति र समय :
- मतगणना सर्वपक्षिय प्रतिनिधिहरुको रोहवरमा भएको थियो ( ) थिएन ( ) ।
- मतगणनामा निर्वाचन आचार संहिता लागु भएको थियो ( ) थिएन ( ) ।
- मतगणना सम्पन्न भए पछि अन्तिम परिणाम सार्वजनिक हुनु अगावै सबै पक्षका प्रतिनिधिहरुको मुचुल्कामा हस्ताक्षर भएको थियो ( ) थिएन ( ) ।
- मतगणना समापन भएको मिति र समयः
- अन्य कुनै विवरण भएमा

**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तेकेको प्रतिनिधि /क्षेत्रीय संयोजकको नाम र पदः**

मुलुकः

हस्ताक्षरः

* पहिलो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।

मितिः

**अनुसूची - ३**

♣(नियम ६ को उपनियम ६.५ सँग सम्वन्धित)

**गैरआवासीय नेपाली संघ**

**राष्ट्रिय समन्वय परिषदको निर्वाचन अनुगमन फारम**

**(अन्तर्राष्ट्रिय समन्वय परिषद्द्वारा मनोनित अनुगमनकर्ताले भर्नु पर्ने फारम - पेज ३)**

राष्ट्रिय महाधिवेशन सञ्चालन ♣................................ तथा राष्ट्रिय समन्वय परिषदको सम्बन्धन सम्बन्धित नियमावली, २०२१ र निर्वाचन आचारसंहिताको आधारमा निर्वाचन प्रकृया सम्पन्न भएको नदेखिएमा अनुगमनकर्ताले निम्न बुँदाहरुका आधारमा आफ्नो राय सहित अन्तर्राष्ट्रिय समन्वय परिषद् मा सिफारिस गर्नु पर्नेछ । तलका सबै बुँदाहरुमा प्राप्त भए सम्मका सबै प्रमाण उपलव्ध गराउनु पर्नेछ ।

- मतदान प्रकृयामा भएको अनियमितता बारे ।
- निर्वाचन पूर्व प्रयोग गरिएका प्रचार प्रसार अनियमितता देखिएको ।
- निर्वाचन सामग्रीको प्रयोगको अनियमितता गरेको बारे ।
- मतगणना अबधिभर अपनाइएका बिधि र तौर तरिकामा अनियमितता भएको भए ।
- निर्वाचन परिणाम सार्वजनिक गर्नमा भए गरिएका अनियमितता बारे (उपलव्ध प्रमाण संलग्न भए सम्म) संलग्न ।
- समस्या समाधान वारे सुझाव ।
- अन्य कुनै बिषयमा थप उल्लेख गर्ने ।

**अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयले तेकेको प्रतिनिधि /क्षेत्रीय संयोजकको नाम :**

पदः

मुलुकः

हस्ताक्षरः

मिति :

♣ पहिलो संशोधनद्वारा संशोधित ।

♣ पहिलो संशोधनद्वारा झिकिएको ।